कोशी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

विराटनगर, नेपाल

प.सं. :- ०८३/८४

च.नं. :- ४६४

मिति :- वि.सं. २०८३/०७/२७

ने.स. :- ११४७ कछलाथ्व,४ शुक्रवार

विषयः घर/फ्लाट/कोठा भाडामा लिने सम्बन्धी १५ दिने सूचना।

,

.

यस मन्त्रालयमा कार्यरत महाशाखा प्रमुखको आवास प्रयोजनको लागि तपसिल अनुसारको घर/फ्लाट/कोठा भाडामा लिनुपर्ने भएकोले घरभाडा लगाउन इच्छुक घरधनीहरुले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र घरभाडाको दररेट सहित यस मन्त्रालयमा कार्यालय समय भित्र शिलबन्दी दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि मन्त्रालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

- घर/फ्लाट/कोठा रहेको स्थानः- पूर्वमा- सिंघीया खोला, पश्चिममा- धरान-विराटनगर सडक, उत्तरमा- विराटनगर ढाट, दक्षिणमा- महेन्द्र चोक भित्रको बिराटनगर महानगरपालिका क्षेत्रभित्र हुनुपर्नेछ ।
- छुट्टै भान्साकोठा सहितको फ्लाट हुनुपर्नेछ।
- घरसम्म पुग्ने सडक सुविधा भएको हुनुपर्नेछ।
- बिजुलीबत्ती तथा खानेपानीको उपयुक्त सुविधा भएको हुनुपर्नेछ।
- शौचालय तथा बाथरुमको राम्रो व्यवस्था भएको हुनुपर्नेछ ।
- सवारी साधन पार्किङ्गको उचित प्रबन्ध भएको हुनुपर्नेछ ।
- दरखास्त साथ नागरिकताको प्रमाणपत्र, जग्गा धनी दर्ता प्रमाण पुर्जा, घरनक्सा पास (ड्रइङ सहितको) तथा चालु आ.व. को भूमिकर/सम्पत्ति कर बुझाएको रसिदको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ।
- मासिक घरभाडा अधिकतम सीमा रु १५,०००।-(पन्ध्र हजार रुपैँया) हुनेछ। घरभाडा रकम भुक्तानी गर्दा प्रचलित नियम अनुसार लाग्ने कर कट्टा गरेर मात्र भुक्तानी हुनेछ ।
- घरभाडा लिने वा नलिने सम्बन्धमा अन्तिम निर्णय यस मन्त्रालयको हुनेछ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Arjun Ghimire
ghimireag@gmail.com

(अर्जुन घिमिरे)

उपसचिव